जबरजस्ती सैन्य भर्ती रोक्न अमेरिकी राजदुतावासको आग्रह

माओवादीले बालबालिकासहित अन्य नेपालीहरुलाई जबरजस्ती आफ्नो सेनामा भर्ती गराउने कार्य जारी राखेकोमा अमेरिकी राजदुतावास भर्त्सना गर्दछ । यस्तो कार्य मानवअधिकारका सवै मूल्यमान्यताको विपरीत हुनुका साथसाथै माओवादी तथा नेपाल सरकारबीच भएको सम्झौताको पनि बर्खिलाप रहेकोछ । माओवादीहरु आफू जसको सेवाको लागि अन्तरिम सरकारमा प्रवेश गर्न लागेको भनीरहेकाछन्, तिनै जनतालाई दुख दिने उनीहरुको यो कार्य उदेकलाग्दो र दुखपूर्ण छ ।

हामी माओवादीलाई यस्तो कार्य तुरुन्त बन्द गर्न र साथै सम्पूर्ण हिंसात्मक गतिविधि, धम्की र जबरजस्ती रकम असुलीजस्ता कार्यहरु बन्द गर्न आग्रह गर्दछौं । यस्ता कार्यले कानुनी शासनको उपहास गर्ने तथा आधारभूत मानवअधिकारको उल्लंघन गर्दछन् । नेपाली जनता ११ वर्षदेखि भय र त्रासको वातावरणमा बाँचिरहेका छन् । अब यस्तो भयको वातावरण अन्त गर्ने र सम्पूर्ण नेपाली जनता तथा उनीहरुको आधारभूत मानवअधिकारको सम्मान गर्ने बेला आइसकेकोछ ।